# थबाङ्ग गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, थबाङ्ग, रोल्पा

## नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम, दोश्रो चरण

## सामाजिक परिचालकको कार्य विवरण

पद: सामाजिक परिचालक (Social Mobilizer- SM)

प्रतिवेदन: पालिका जलवायु परिवर्तन संयोजक, नेजपसका २ र थबाङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

कार्यक्षेत्र: थबाङ्ग गाउँपालिका भरी

**कार्यक्रमको संक्षिप्त परिचय:**

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम, दोश्रो चरण नेपाल सरकारको कार्यक्रम हो। यस कार्यक्रमका लागि बेलायत सरकारको आर्थिक तथा मोट म्याकडोनाल्ड लिमिटेडको प्राविधिक सहयोग रहेको छ। यस कार्यक्रमले जलवायु परिवर्तन संकटासन्न समुदायको उत्थानशील क्षमता अभिबृद्धिको लागि गाउँपालिका तथा नगरपालिकाको जलवायु उत्थानशील योजना कार्यान्वयन गर्न सहयोग गर्दछ। स्थानीय सरकारको पुर्वाधार निर्माण तथा जिविकोपार्जन विकासका लागि राष्ट्रिय अनुकूलन कार्ययोजना (लापा) खाका, २०७६ अनुसार जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलतालाई मुल प्रवाहीकरण गर्न यस कार्यक्रमले सहयोग गर्दछ। नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ ले तपशिल बमोजिमको मुख्य उपलब्धिको अपेक्षा गरेको छ।

१. सरकारले दीर्घकालिन विकास योजनामा जलवायु उत्थानशीलतालाई मुलप्रवाहीकरण गर्नेछ।

२. गाउँपालिका तथा नगरपालिकाहरुद्धारा जलवायु वित्त सम्बन्धि विविध श्रोतको व्यवस्थापनलाई सुदृढ र पारदर्शी बनाउनेछ।

३. प्रभावकारी सेवा प्रवाहद्धारा संकटासन्न समुदायहरु लाभान्वित हुनेछन् जसले परिस्कृत जलवायु उत्थानशील जिविकोपार्जन कृयाकलापहरु अनुकुलित गराउनेछ।

यो कार्यक्रमबाट एकिकृत जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशील योजना तर्जुमा तथा कार्यान्वयनमा थबाङ्ग गाउँपालिकाले नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २, कार्यान्वयन गरिरहेको छ। यसले संकटासन्न क्षेत्रमा स्थानीय विकास योजना तथा सहयोगहरुलाई बढि उत्थानशील बनाउन सहयोग गरेको छ। स्थानीय अनुकुलन कार्ययोजना (लापा) खाका २०७६ मा उल्लेखित प्रकृया तथा पद्धति बमोजिम जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशीलताको लागि सहयोग गरेको छ। यस लापा खाकाले स्थानीय तहको सात चरणको वार्षिक योजना चक्र र लापा खाकाको पद्धतिलाई अवलम्बन गरेको छ।

**कार्य विवरण:**

१. पालिका भित्र जलवायु परिवर्तन अनुकूलन र उत्थानशील योजना स्थानिय अनुकूलन कार्ययोजना खाका बमोजिम संचालनमा सहजिकसहायताको सल्लाह बमोजिम स्थानीय स्तरमा लापाको खाका २०७६ बमोजिम कार्यक्रम संचालन गर्नमा गाउँपालिका तथा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ को प्राविधिक टिम लाई सहजिकरण गर्ने।

२. उपभोक्ता समिति तथा ठेकेदारलाई समुदाय स्तरमा स्थानिय अनुकूलन कृयाकलापहरु प्रभावकारी तथा गुणस्तरीय कार्यान्वयन गर्नमा सहजीकरण तथा सहयोग गर्ने।

३. जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील योजना कार्यान्वयन गर्ने क्रममा भएका प्रगतिको तथ्य तथ्यांकहरु संकलन गर्ने तथा प्रतिवेदन तयार गर्न सहयोग गर्ने।

४. गाउँ कार्यपालिकाको कार्यालयका कर्मचारीहरु तथा नेजपसका २ प्राविधिक सहायताका टिम सदस्यहरुलाई संचालित क्रियाकलापहरुको समय समयमा अनुगमन गर्न तथा प्रतिवेदनमा सहजिकरण गर्ने ।

५. कार्यान्वयन जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील योजनाको प्रगती समिक्षा गर्न नियमित रुपमा योजना स्थलहरु भ्रमण गर्ने र आवश्यक सहजिकरण गर्ने ।

६. समुदायमा जलवायु अनुकुलन तथा उत्थानशील कृयाकलापहरुको पहिचान गरी आगामी योजना तर्जुमा प्रकृयामा समावेश गर्न सहजिकरण गर्ने ।

७. जलवायु परिवर्तन संयोजकको निर्देशन बमोजिम रही उपभोक्ता समिति तथा ठेकेदार ले गरेको कार्यको निरिक्षण र समिक्षा गर्ने, योजनाको प्रभावकारी, गुणस्तर र समयसिमा भित्र काय सम्पन्न गर्न सहजिकरण गर्ने ।

८. जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील योजना कार्यान्वयनका लागि उपभोक्ता समितिको गठन, दर्ता प्रकृया, बैंक खाता खोल्न एवम् सम्झौता प्रकृयामा आवश्यक सहयोग गर्ने ।

९. योजना निर्माण, अनुगमन र कार्यान्वयनको बेला महिला र सामाजिक बहिस्करणमा परेकाहरु समेतको समुदायको सक्रिय सहभागितकोलागी आवश्यक सहजिकरण र परिचालन गर्ने ।

१०. समुदायमा संचालन हुने क्रियाकलापहरु प्रती समुदायको अपनत्व र सक्रिय सहयोगको सुनिश्चितता गर्ने ।

११. जलवायुमैत्री कृषि उद्यम विकास तथा जिविकोपार्जन विकासका लागि मौसमी तथा बेमौसमी (तरकारी, फलफुल तथा अन्य) खेतीका लागि स्थानीय समुदायको सिप विकास गर्न आवश्यक तालिम, गोष्ठि, परामर्श तथा सहयोगको योजना बनाइ गाउँपालिका कृषि शाखा तथा नेजपसकाको निर्देशन बमोजिम कार्यान्वयन गर्ने गराउने ।

१२. जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील योजना कार्यान्वयनमा निरिक्षण, समिक्षा तथा कार्यान्वयन सम्बन्धि सुचनाहरुको संकलन तथा विश्लेषणमा प्राविधिक सहायता टिमलाई सहयोग गर्ने ।

१३. समुदाय, पलिका, कार्यक्रमका कर्मचारीहरु र अन्य सरोकारवालहरुको बिचको सुचनाहरु संकलन र प्रशार गर्ने ।

१४. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ को जलवायु परिवर्तन संयोजकको निर्देशन तथा सल्लाह बमोजिमका अन्य कार्य गर्ने । (हालको अवस्थामा पलिका द्वारा कोभिड १९ को परिस्थितीलाई सम्बोधन गर्न संचालन गरिने जागरुकता फैलाउने र अन्य क्रियाकलापहरु संचालनमा निर्देशशन बमोजिम कार्य गर्ने ।)

नोट : कार्यक्रमको आवश्यकता बमोजिम जुनसुकै समय कार्यविवरण परिमार्जन तथा परिवर्तन हुन सक्नेछ र कार्यसम्पादन सन्तोषजनक नभएमा जुनसुकै बखत करारबाट हटाउन सकिनेछ ।

**आवश्यक न्युनतम शैक्षिक योग्यता तथा कार्यानुभवः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा वा सो सरह उत्तीर्ण भएको ।

ख) जलवायु परिवर्तन अनुकुलन,  कृषि तथा जिविकोपार्जन तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको ।

ग) अल्पसंख्यक र पछाडिपरेका समुदायहरु संग काम गरेको र लैङ्गिक र सामाजिक समावेसिकरण को चुनैतिहरुवारे बलियो संवेदनशीलता भएको ।

घ) Computer तथा सुचना प्रविधि को ज्ञान भएको ।

च) स्थानीय भाषाको ज्ञान अतिरिक्त  उपयोगी हुनेछ।

छ) स्थानीय सरकारको संयन्त्रमा कार्य अनुभव अत्यधिक श्रेयस्कर छ

महिला र अल्पसंख्यक वा विपन्न वर्गका व्यक्तिहरूलाई आवेदन दिन प्रोत्साहन दिइन्छ।

**करार अवधिः** ६ महिना (कार्य मुल्यांकनका आधारमा थप्न सकिने)

**आधार तलबः** रु. गाँउपालिकाको नियमानुसार

**छनौट प्रकृयाः** लिखित तथा मौखिक परिक्षा

**अन्य प्रावधान :** गाँउपालिकाको नियमानुसार

**परिक्षाको पाठ्यक्रम**: जलवायु परिवर्तन सम्बन्धि शब्दावलीहरु, जलवायु परिवर्तन सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रयासहरु, नेपालमा जलवायु परिवर्तनका असर तथा प्रभावहरु, अनुकुलन र न्युनिकरण, कार्वन उत्र्सजन र यसका श्रोतहरु, हरितगृह ग्याँस र यसको प्रभाव, लैंगिक तथा सामाजिक समावेशिकरण, सामाजिक परिचालनको आवश्यकता तथा महत्व, अनुगमन, मुल्यांकन र प्रतिवेदन, स्थानिय योजना तर्जुमा प्रकृया

नोट : थबांग गाउँपालिका सबै आवेदनकर्ताहरुलाई बराबर अवसर प्रदान गर्दछ, कुनै वर्तमान वा सम्भावित कर्मचारीलाई उनीहरूको उमेर, राष्ट्रियता, जाति, अभिभावकीय स्थिति, वर्ग, जाति वा जातीय मूल, रंग, धार्मिक विश्वास, अशक्तता, लिंग, वा वैवाहिक स्थितिको कारणले भेदभाव गरिदैन ।